# नेपाल विद्युत प्राधिकरण

## स्यार्पु दह पम्प जलाशययुक्त जलविद्युत आयोजना (३३४ मेगावाट) को

### वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण सम्बन्धी

# सार्वजनिक सूचना

(प्रकाशन मिति २०८२/०१/१४)

कर्णाली प्रदेश, रुकुम (पश्चिम) जिल्लाको बाफिकोट गाउँपालिकामा
नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं<br>ईमेल: pdd@nea.org.np<br>फोन नम्बर:- ०१-४५३००९, ०१-४१५३०१३ |
| प्रस्तावको व्यहोरा | प्रस्तावित स्यार्पु दह पम्प जलाशययुक्त जलविद्युत आयोजना (३३४ मेगावाट) रुकुम (पश्चिम) जिल्लामा अवस्थित स्यार्पु दहमा प्रस्ताव गरिएको छ। ऊर्जाको उच्च माग रहेको समयमा दैनिक ६ घण्टा सञ्चालन गर्ने गरी यो आयोजना निर्माण गरिनेछ।<br>आयोजना कार्यान्वनको लागि रुकुम (पश्चिम) जिल्लाको बाफिकोट गा.पा. वडा नं. ३ र ५ मा अवस्थित स्यार्पु दहमा पानीको सतह ७ मिटर थप वृद्धि हुनेगरी भौगोलिक अवस्था अनुसार ८ दशमलव ५ मिटर देखि १५ मिटर सम्म अग्लो र करिब ५०० मिटर लामो बाँध निर्माण गरिने छ। सो बाँध निर्माण पश्चात थप ३२ लाख घनमिटर पानी स्यार्पु दहमा भण्डारण हुनेछ। यसरी भण्डारण भएको पानीलाई करिब १ दशमलव १७ किलोमिटर लामो सुरुङ मार्फत बाफिकोट गा.पा. वडा नं. ४ मा अवस्थित दार्ने खोलाको दाँया किनारमा प्रस्तावित भूमिगत विद्युतगृहमा खसाइनेछ। उक्त विद्युतगृहबाट विद्युत उत्पादन पश्चात निस्किएको पानीलाई करिब ३५० मिटर लामो टेलरेस मार्फत सोहि गाउँपालिकाको वडा नं. ३ र ४ स्थित बालुवाचौरमा ७३ मिटर अग्लो तथा करिब ३५० मिटर लामो बाँध निर्माण गरी भण्डारण गरिनेछ। यस बाँधले करिब ४९ लाख घनमिटर पानी दार्ने खोलामा भण्डारण गर्नेछ र विद्युतको माग कम भएको समयमा भण्डारण भएको पानीलाई सोहि सुरुङ मार्फत पम्प गरी पून: स्यार्पु दहमा तानिनेछ। यस आयोजनाको विद्युतगृहमा २ वटा टर्बाइन जडान गरिनेछ। आयोजनाको डिजाइन बहाव १४७ दशमलव ६ घनमिटर प्रति सेकेन्ड रहेको छ। |
| प्रभाव पर्न सक्ने जिल्ला/गाउँपालिका/वडा | रुकुम (पश्चिम) जिल्ला, बाफिकोट गाउँपालिका, वडा नं.- ३, ४ र ५ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौंस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

## राय-सुझावको लागि पत्राचार गर्ने ठेगाना:-

| | |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>आयोजना विकास विभाग<br>स्यार्पु दह पम्प जलाशययुक्त जलविद्युत आयोजना<br>दरबारमार्ग, काठमाडौं<br>फोन नम्बर:- ०१-४५३००९, ०१-४१५३०१३<br>ईमेल: pdd@nea.org.np | नेपाल विद्युत प्राधिकरण<br>वातावरण तथा सामाजिक अध्ययन विभाग<br>लाजिम्पाट, काठमाडौं<br>फोन नं.: ०१-४५३५८००, ०१-४५२६७७२<br>ईमेल : env.social@nea.org.np |